# उच्च अदालत विराटनगर इलाम इजलासवाट जारी

## सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाईरस (COVOD-19) संक्रमण हुन सक्ने संभावित जोखिम रहेको र सींगो मानव जाति कोरोना महामारी प्रकोपसंग जुधिरहेको यस संकटको घडीमा नेपालमा पनि यो संक्रमण फैलिने सम्भावना देखिएकोले सोको रोकथाम र निर्मूल गर्न नेपाल सरकारले मिति २०७६।१२।११ देखी १८ गते सम्म लागु हुने गरी अत्यावश्यक परेवाहेक घरबाट बाहिर ननिस्कन र सुरक्षित रहन भन्दै अन्य विभिन्न आदेशहरु जारी गरेको छ। सर्वोच्च अदालतको पूर्ण बैठकले निर्णय गरी अदालतहरुले प्रवाह गर्ने अधिकांश सेवाहरुको स्थगन र बन्द गरी केही अत्यावश्यक सेवा **(यस अवधिमा पर्नसक्ने बन्दी प्रत्यक्षीकरणको निवेदनको सुनुवाई, पक्राउ पूर्जी अनुमती र जरुरी पूर्जीको काम कार्य जारी र यस महामारीसंग सम्बन्धित गम्भीर प्रकृतिका निवेदनहरुको कारवाही र सुनुवाई सम्बन्धी कार्य)** मात्र सञ्चालन गर्ने, सो प्रयोजनका लागि आवश्यक र न्यून संख्यामा मात्र जनशक्तीको प्रबन्ध गरी अन्य जनशक्तीहरुलाई सम्पर्कमा रही आफु रहेको स्थानवाटै सेवा प्रदान गर्न (Service From Home/Office at Home) तथा खोजेको बखत उपस्थित हुन मिति २०७६।१२।०७ को सर्वोच्च अदालतको पूर्ण बैठकवाट भएको निर्णय सहितको पत्र र सो निर्णय समयानुकुल परिमार्जन गर्न मिति २०७६।१२।१२ को आकस्मिक पुर्णवैठकको निर्णय समेत परिपत्र भएको सन्दर्भमा

उपरोक्त सेवावाहेक अदालतहरुको काम कामकारवाही तथा सेवा प्रवाह सम्बन्धी अन्य विषयहरु मिति २०७६ चैत्र ७ गतेको सर्वोच्च अदालत, पूर्णवैठकको निर्णयबमोजिम हुने भएकोले यस अदालतको क्षेत्राधिकार अन्तर्गत प्रवाह हुने अत्यावश्यक सेवा प्रबन्ध तथा सहजीकरणका लागि यस अदालतमा कार्यरत जनशक्तीहरु स्टेण्ड बाइ रही खोजेको बखत उपस्थित भई समन्वय गर्न तथा सेवाग्रहीहरुले अत्यावश्यक कार्य तथा परामर्शका लागि आवश्यक परेको खण्डमा यस उच्च अदालतका देहायको पदाधिकारीहरुसंग सम्पर्क गरी समन्वय गर्नुहुन सम्पुर्णमा जानकारीको लागि अनुरोध गर्दछु ।

<u>देहाय</u>

| | |
|---|---|
| रजिष्ट्रार श्री नवराज दुलाल | ९८५२६८११४८ |
| ना.सु. श्री मन्जु राना मगर | ९८४२६४६३०० |
| ना.सु. श्री फुर्वा दावा तामाङ | ९८४२७८०२९० |
| का. स. शोभा खतिवडा | ९८६२६७१७७७ |

(नवराज दुलाल)
रजिष्ट्रार
२०७६।१२।१२